नेपाल सरकार
शिक्षा तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
विद्यार्थी वित्तीय सहयोग कार्यक्रम
सानोठिमी, भक्तपुर
२०७७

# स्नातक तहमा अध्ययनरत नियमित विद्यार्थीहरूलाई निशुल्क अनलाइन डाटा प्रदान गरिने बारे जरूरी सूचना

विश्वव्यापी रूपमा फैलिएको कोभिड—१९ को महामारीको संकटबाट उच्च शिक्षा अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरुको समतामूलक पहुँच सम्बन्धमा उत्पन्न समस्या न्यूनीकरण गर्नका लागि हाल नियमित रूपमा स्नातक तह अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरुलाई नि:शुल्क अनलाइन डाटा उपलब्ध गराई सिकाइमा सहयोग पुर्‍याउनेकार्यक्रम रहेकोले उल्लिखित विद्यार्थीहरूले विद्यार्थी वित्तीय सहयोग कार्यक्रमको website: sfafdb.edu.np मा गई मिति २०७७ मंसिर ३० गतेसम्म अनलाईन फाराम भर्नभराउनहुन अनुरोध छ ।

पुनश्च: उक्त अवधि भित्र अनलाईन फाराम भरेका विद्यार्थीहरूको क्याम्पसहरूले अनलाइन फाराम समेत अनिवार्य रूजू गर्नुपर्ने भएकाले क्याम्पसहरूले उक्त प्रयोजनका लागि User र Password प्राप्त गर्न क्याम्पस प्रमुखको नाम, फोन नं र क्याम्पसको इमेल सहितयथासक्य यस कार्यक्रमको email: sfapscholarship@gmail.com पत्र पठाइदिनुहुन अनुरोध छ ।

विद्यार्थी वित्तीय सहयोग कार्यक्रम
सम्पर्क नं ०१६६३८८५३

## विद्यार्थी वित्तीय सहयोग कार्यक्रमको स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई अनलाइन डाटा उपलब्ध गराउने बारे सूचना ।

**"उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई अनलाइन डाटा वितरण सम्बन्धी कार्यविधि २०७७"** कार्यान्वयनका लागि सहभागी हुन विद्यार्थीहरू तथा क्याम्पसहरूले तपसिलका कार्यहरू गर्नुपर्ने छ ।

### कार्यक्रममा सहभागी हुन विद्यार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू

१. सामुदायिक विद्यालयबाट माध्यमिक तह (कक्षा १२) उत्तीर्ण गरी हाल स्नातक तहमा अध्ययन गरिरहेको विद्यार्थी हुनु पर्नेछ ।

२. विद्यार्थीहरूले अध्ययनका लागि नेपालको मोबाइल सेवा प्रदायक संस्थाबाट सिम लिएको हुनुपर्नेछ ।

३. डाटा चलाउन मिल्ने खालको मोबाइल सेट वा आइप्याडको व्यवस्था विद्यार्थी स्वयमले गर्नुपर्नेछ ।

४. नेपाली नागरिक हुनुपर्नेछ ।

### कार्यक्रममा सहभागी हुन विद्यार्थीहरूले गर्नुपर्ने कार्यहरू

१. कक्षा ११ मा अध्ययन गर्दाको रजिष्ट्रेसन नं लाई User name र जन्ममितिलाई Password बनाई लगइन गर्ने ।

२. लगइनपछि देखिएको सम्पूर्ण विवरणहरू क्याम्पसले रूजुगरे पश्चात फाराम स्वीकृत भएनभएको र छनोट सूचीमा परे नपरेको जानकारी सोही युजरबाट लिने ।

### क्याम्पस तथा कलेजहरूले गर्नुपर्ने कार्यहरू

१. विद्यार्थी वित्तीय सहयोग कार्यक्रमले उपलब्ध गराएको User name र Password सुरक्षित राख्ने ।

२. User name र Password प्राप्त गर्न क्याम्पसहरूले आफ्नो लेटरप्याडमा क्यम्पस प्रमुखको नाम, मोबाइल नं, युजर संचालन गर्ने प्रविधिकको नाम, मोबाइल नं क्याम्पसको इमेल, सहितको विवरण sfapscholarship@gmail.com मा इमेल गरी पठाउने ।

३. क्याम्पसहरूले पठाएको इमेलमा यस कार्यक्रमको तर्फबाट User name र Password तुरून्त पठाइनेछ । इमेल प्राप्तभए पश्चात Password अनिवार्य परिवर्तन गर्नुपर्नेछ ।

४. क्याम्पसले आफ्नो प्रोफाइलमा भएको विवरणहरू रूजुगरी दिइएको सम्पूर्ण विवरणहरूको अध्यावधिक गर्नुपर्नेछ ।

५. विद्यार्थीहरूको विवरणहरू सत्यतत्य छन् छैनन् रूजुगरी Accept वा Reject गर्नुपर्नेछ ।

६. छनोट सूचीमा देखिएका विद्यार्थीहरूलाई मोबाइल डाटा सुनिश्चित भएको जानकारी विद्यार्थीहरूलाई दिनुपर्नेछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**विद्यार्थी वित्तीय सहयोग कार्यक्रम**
**सम्पर्क नं ०१६६३८८५३**